# ऐतिहासिक पत्रस्तम्भ

नं. २१

उप्रान्त ग्रहणमा ''' २ ''' नुहावन जांदा कहलुन्या राजाले मछेउ भन्याको स्माचार रणजीतसि जाई कास्मेरको भरमगढ किल्ला हान्न जांदा दुई हज्जार पचिस्सै जवान रणजीत्सिको षर्च पनी भयेछ, सिकस्त षाई लश्कर वर सरिरहेछ, आजकाल रनजीत्सि आफ्ना गोल्दार सिपाहिका डेराडेरा जाई कसैलाई विर्ता दिउंला, कसैलाई ५।७ हज्जार रुपैयाँ दिउंला, कसैलाई दर्माह बढाई दिउंला, काश्मेर लिई देउ भनि भन्न लागीरहेछ, यो सावन भदौमा केही भयो त भयो, भयेन भन्या लिनु गाह्रै छ भन्या स्माचार छ भन्या रणजीतसि काश्मेरमा चढदा कावेलको पनि घर सचियो, फत्ते षांको लश्कर पनि काश्मेर आयो भन्या षवर छ, अब उप्रान्त जो षवर आउंला सो विन्ति लेषुला, वाकि आषाढ वदि १४ रोज ५ मा पठाउनुभयाको कृपापत्र श्रावण शुदि ५ रोज ५ मा आइपुग्यो, हरप हरप हेरि शिर चह्राया, वटौल सिउंराजमा फिरंगी चढयाको अघि बुढाकाजीलाई आयाको समाचार सुनावनुभयो र पनि ताहांको संदेह मान्याको थियेन, अवर मलाई आयाको कृपापत्र देषदा ताहांको संदेह फिक्र कत्ति रहेन षातिरदारी भवां ''' ३ ''' को मेहेरले र षामिदको प्रतापले सर्वत्रै फत्तै हुन्याछ, अजि जानि नजानि लेष्याको माफ भयाजाला, ईति सम्वत् १८७१ साल मिति श्रावण सुदि ६ रोज ६ मोकाम अर्कि शुभम्--

ईत सेवक वन्दा जसपाउं थापाको वंदगी कुर्नेस सलाम सलाम सलाम शुभम्- --

नं. २३

श्री ५ सर्कार १ श्री देवदेवता २

ज्मादार सुरविर थापा हल्कारा हरिदत्त पांडेले लाहुर्वाट ल्यायाको षवर फर्द- - - - - - - - - - - - -
उप्रान्त वैशाषका २ दिन जादा षलीता ली लाहुर पुग्याथ्यूं. रणजीत्सि ढोडेवागमा वस्याका रह्याछं. पुग्याका भोलीवेर राजा ध्यानसींसंग भेट मुलाकाट भयो. राजा गुलाफसींका नाउको षत् राजा गुलाफमीं पेसवर गयाको रहेछ र उनका भाइ राजा ध्यानसींका हात सौपन्या काम गरियो, षत् षोली हेरी पेसवर दाज्यूसंग पठाया, अनेत्र देसदेसावरबाट षत पत्र आउदा गुलाफसीं ध्यानसीं सुचेतसीं हिरासीं इ ४ का नाउमा आउदा कलाप्बहादुरसि राजा भनी लेषी आउदो रहेछ याहां गोर्षा ''' १ ''' बाट गयाको षतमा सर्दार गुलाफसीं भनी लेष्याको रहेछ र वहुत कोमली भै दिक्दारी भया, अलीछिन् जवापसाल केही भयेन नहुदा सर्दार भनी षतमा लेषियाको दोस् ''' १ ''' लाई चौतरीयालाई ज्मादारलाई कसैलाई छैन, यो वेकुव् मेरो छ, मैले अघीपछि जनाउ दियाको थियेन सो वेहोरा ''' १ ''' मा र चौतरिया ज्मादारलाई पनि थियेन यो चुक् मेरो छ. माफ हवस् भनी वहुत त्रहसंग अर्जुन थापाले हात जोरी विंति गर्दा ढेरै वेरपछि वढिया हो. पाहाड पाहाड तिमी हामी यकै हौ येस्मा केहि संदेह मांनुपर्दैन, तिम्रो हाम्रो दोस्ती छ तिमीहरूलाई सर्कारमा भोली भेट मुलाकात गराउला भनी राजा ध्यानसिले भन्या र डेराडेरा गञ्यूं, भोलीवेर रणजीतसिका नाउंको ''' १ ''' बाट गयाको षलीता र चौतरियाबाट गयाको षत ली अर्जुन थापास्मेत भै गै डेउढिमा वस्याका थिञ्यूं, रणजीत्सिबाट आउ भनि भैयालाई पठाउदा

उसै वषतमा हरीप्रसाद अघी सऱ्यो र जमादार तसग आया को पनी होइन तलाई क्या चाहियो भनी अर्जुन थापाले भन्दा उसै कुरामा २ जनाको दागाबाजी हुँदा दुवैलाई आउनु-हुदैन भनी वाहिरै रोकीया, हामी मात्रै भित्र गै भेट मुला-काट् भै ...१... बाट गयाको षलीता चौतरियाबाट गयाको षतस्मेत सबै हाजर गऱ्यूं. षलीता र षत सबै मुनसिले पढि सुनाया. चौतरियाबाट गयाको षत पढ्दा वहुत षुस भया, बेरैबेर षत हेर्दै सलाम् गर्दै गर्दथ्यो चौतरिया कौन हैं भनी भन्या र ...१... का भाई बिरादर हैं भनी भन्या र ये बडे बडाआदमी हैं षुप है भनी रणजीत्सिंले चौतरियाबाट गयाको षत हेर्दै सलाम मात्रै गर्न्या डोटि चौतरियाबाट गयाको षत देषी वहुत षुस भया. तिमीहरू नेपालबाट आयौ की डोटी चौतरियाबाट आयौ भनी सोध्या र डोटि चौत-रियाबाट आयाको हौं भनी विस्तार गर्दा चौतरियाबाट कति कुरा आयाको छ वस्नु भनी राजा ध्यानसिंलाई सर्कार रणजीत्सिंले इसरा दियो र राजा ध्यानसिंले ज्मादारहरूसंग बसी चौतरियाबाट कति कुरा आयाको छ सोधपुछ गर्नु भनी मुनसीलाई अह्राया र उसै वषत् ७।८ हातको फरक् भै वहीनेरा बसी डोटि चौतरियाबाट कति कुरा आयाको छ विस्तार गर भनी मुनसीले भन्दा चौतरियाको यो मंजि छ की. तिमी हामी हिन्दुस्तानी हौं, हिन्दुको धर्म यो हो की हिन्दु हिन्दुको येक बाक्ये एक मतलव् रह्या बढिया हुन्छ, सो अर्थ गोर्षा ...१... को र आहा सर्कारको दोस्ती येक रहि येक मत रह्या बढिया होला भनी चौतरियाबाट मंजि हुंछ. भनी हामीले विस्तार गर्दा वेस् येस् कुराको सर्कारमा अर्जि गरौंला भनी मुनसी उठ्यो र वही वषत सो विस्तार सर्कार रणजीतसिंसंग मुनसीले गऱ्या र वेस् बढिया गोर्षा ...१... का र हमारा येकी मत होगा दोस्ती षुब रहेगा कांही बात्का संदेह मत् मानिये भनी छातीमा हात राषी रणजि-त्सिंले इसारा गऱ्यो फेरि चाल नपाया जस्तो गरी माथव-रसिं काहा छ भनी सोध्या र हामी तं सरासरी सर्कारमा आऱ्यूं, हामीलाई षवर छैन भन्दा उसमा षुसी भै माथवरसीं जस्ता नेपालमा अरू पनि छन् की भन्या र तेतीका आदमी तब हुन्छ भंदा जङ्मा यो माथवरसिं कस्तो छ भनी सोध्या र जं उठ्याको वषत्मा कच्चा उमेर थियो जं भन्या गऱ्याको छैन लेषनामा र जं गर्ला भन्या जस्तो छ भंदा कवायेत्को कस्तो छ भनी सोध्या र कवायेत्को काममा भन्या तयार छ भन्या विस्तार गरियो, मैनाको हजार रुपैञा दि माथव-रसींलाई दिनानगरमा राष्याको छ भेट भन्या दियाको छैन माथवरसींले लग्याका सौगानी माल् र षलीता सबै वेला सराईको कोठिमा राषीछोडेछ. सर्कार रणजीतसीं बेराम हुदा जमात् वंद छ. आजकाल सवार घोडामा हुदैन षासुमा फिर्दछ. जवान वंद भयाको साचो हो की नकल हो केही कुरा गर्दा पनी इसारै मात्र गर्दछ. जबाफ साल कसैसित पनी ध्यानसीं गर्छ. संक्षेप् बुझनामा र अंरेजसग मिलाप् गर्दा फगत् रणजितसीं एक मात्रै मिलाप् गरी राषेछ. अरू सबै वाहिकै छ. उसै उसले अंरेजलाई छलना निमित्त जवान् वंद गऱ्याको हो की जस्तो लाग्यो. आफ्नु काम र कौनै कुरो रह्याको छैन बरोबर चल्दछ. रोकसोद हामीलाई चाडो भया बढिया हुदो हो भनी सवाल गर्दा अच्छा तुमारा रोकसोद जल्दी होगा भनी सर्कार रणजितसींले भन्यो र उस दिन्को विदावारी भै डेरा गई यो २० दिनमा बोलाइ गोर्खा...१...मा हाम्रो फत्ये बोलाईदिया भनी सर्कार रणजितसींबाट रोकसोद गरीदिया. उसका पांचौ दिनमा राजा ध्यानसींले भन्यो की गोर्षा ...१... बाट दोस्ती गर्छौ भन्या लदाक् हाम्रो मुलुक छ पाहाडै पाहाड लदाक्को रस्ता गरी आउनु र लदाक्मा वस्न्या मुषत्यारसंग पगरी बदला गरी उनैले हामीसित ल्याउन्या काम गर्नन् तव दोस्ती वेस रहला. आहा जो आउछ येकै आया येकै कुरा हुंछ र दोस्ती सपुर्त भै येक सल्लाह मत् रहि काम् वढिञा हुंछ. वषतैपीछे मानीस् वदलीदै आउदै गऱ्या पछि ता कुरा वदलीन जांछ र दोस्ती दुरुस्त होइसक्तैन गोर्षा...१... बाट आहा जो आउछ सदा येक आदमी आया वेस होला. हरीप्रसादले र भरसक् गोर्षाको पातलै कुरा पारी विगार्न लागीरहेछ. येस्तालाई त वकील् पठाउछं भनी राजा ध्यान सींले हामीसित भंथ्या. राजा ध्यानसींका भलाआदमीहरू क्या भंथ्या की तिमीहरू जो आउछौ केहो वेबस्था बाधी जादैनौ केही कुराको कौसल् धर्म भयापछि फेरि फेरीको दुष पाइदैनहो भनी भंथ्या पोरका साल अर्जुन थापासग राजा गुलाप्सींले भनेछ की गोर्षा ...१... मा कुन कुन चीज सौगात् पठाञा वढिया हाला भंदा कराबिन् दोसाला घोडा तर्कस कमान् लाहुरी वंदुकहेरु पठाया कसो होला भंदा वेस् वढिया छ भनी भंदा सव ताफा माल तयार गऱ्याका रह्याछं र यो चीज माल् गोर्षा ...१... मा पुगी दानुतर्फको येक सल्लाह भयो भन्या गढ नाहान्का राजावाहिक् उपर राजा राजाहरूसंग घा सलुक वंदोबस्त सबैसित हाम्रो भया-को छ. अंरेजको सुगाठोरको र गुरुद्वारको २ छाउनी म उठाइदिउला भनी राजा गुलाफसिंले भन्या र वेस् वढिञा

भनी अर्जुन थापाले भन्दा तिम्रो मानिस् १ मेरो मानिस् १ सौगात्संग गोर्षा पठाउनु भनि सल्लाह भै सौगात् माल् लिन जम्बु गै विस् २० दिन वस्दा गुलाप्सीं जंवु गैरह्याका वषत्मा वेंठ साहेव सर्कार रणजित्सींसग आयो र क्या भन्यो भन्या गोर्षाको गद्दीको मालिक हुन्या ता अर्के अंधा छ इनले उसै वलै मिची गद्दीका मालिक भैरह्याछं. हाल् कावेल्को मोहिम् चढ्नाको तयार छ. कावेलवाट फर्क्यापछि गोर्षाका गद्दीमा अंधालाई वसाउनाको वंदोवस्त गर्नुपर्न्याछ भनी वेंठ् साहेवले रणजित्सींसग कुरा गर्दा सो कुरा जंबु गयाको राजा गुलाफसींले सुन्या र हाल् सौगात्संग जान्या मानिस् विराम् भयो पछि पठाउला भनी उठी पेसवर गयो. फिर्याको छैन भनी अर्जुन थापाले हामीसित विस्तार गर्‍या. गुलाफसीं ध्यानसीं सुचेत्सीं हीरासींलाई फेरि षत् पत्र आउदा सर्दार भनी लेखी आयो भन्या जवाफ केहि मिलन्याछैन कुरा पनि केहि हुन्याछैन अव प्रान्त इनहरू-लाई षत् पत्र आउदा राजा भनी लेषी आया वेस् होला सर्वत्रैबाट राजा भनी लेषी आउछ. औ राजा ध्यानसीले भंथ्या की गोर्षा…१…वाट चिन जान्या वेलामा हामी-लाई पनि षवर दिया सरसौगातस्मेत गरी हामीस्मेत येकै भै चीन जाउंला त्यो बषत्को षवर हामीलाई दिनु भंथ्या. अंरेजका अर्थ पिरोजपुरमा जंगी मुलुकी लाठले रणजित्सीं-लाई पक्रनु भन्या वंदोवस्त अघी गर्‍याको रहेछ. सिषको पनी सर्दार लोक पल्टं सवले हामी लडनाको तयारी छौं हुकुम देउ भंदा रणजित्सींले भन्यो की तिमीहरू क्या गरौला गुरुका हुकुम जव होला तव म लडौंला भनी भंदा सर्दार लोग पल्टं सव तयार भै आयाका थिया सर्दार लोग पल्टन् कसैले थाहा नाई रणजित्सीं येकलै वारी पिरोजापुरमा आई लाठसीत मीलाप् गरी मुलाकाद गरी लाठस्मेत ली पारी फौज भयाका ठाउमा गया र सर्दार लोग पल्टं गैह्र षर्ष-जाना दौलतको तयारी देषता रणजित्सींलाई चलाऔ भन्या हामीलाई कलकत्ता पुर्‍यायाको षवरी पाइन्याछैन. रणजि-त्सींलाई अैले चलाउनुछैन भनी मुलुकी लाठले भंदा जंगी लाठले वेस् भनी सल्लामा आयो र रणजित्सींले दुवै लाठ-लाई लाहुरमा लगी आफ्ना गढि किल्ला षर्षजाना दौलत सव असवाफको तमासा देषाया र अंरेजले वुष मान्याछं. यसी वषत् कावेल्लाइ मोहिम्को वषत् छ रस्ता देउ सीका-रपुरको चौअन्नी तिमीलाई दोअन्नी हामीलाई जलालावाद-को आम्दानी तिमीलाई भावलपुरको आम्दानी हामीलाई भयो रस्ता देउ भन्दा वेस् भनी तेही रस्ता सीषले अंरेज-लाई दियो र अंरेज पिरोगपुरबाट उठी गया. जादाजादै सीकारपुर जलालावाद. भावलपुर सवै मिलाप्मा आया. जलालावाद ७ लाष भावल्पुर १५ लाषको रहेछ. जला-लावादको कौडी र सौगात् सीषसग दाषील् भयो. अंरेज षधारदेषी ३२ कोस् वढो पुगीरहेछ अना पानीको वहुत दुष छ हिंदुलाई ४ सेर मुसलवानलाई ३ सेर रुपैंआको पानी मिल्छ आधा वालु भयाको अनाज ९ सेर लिछ १२ सेर दिछ. वालु रेतीका पीडाले गल्ला फौज मरी गयेप् भयो. षान नपाउदा १० हजार हानी र उपर उठ सव फिर्‍यो. अंरेज वीचमा अट्कीरहेछ. अंरेज हामी मान्दैनौं. तिमी हामी मित्रै छौ सदेह मांनुपर्दैन भनी तिमी भंछौं भन्या तिमी मानी वसौंला भनी सीकारपुर्‍या लाहुरैमा आइ-रहेछ. अंरेज कावेल पुग्न सक्याको छैन. वेसवर्‍या दुरानीले डाक हानी २ पल्टन् २ साहेव मारी २ तोप लुटी लग्या. इरानीहरू पनि उठी १० हजार सवारी फौज् ली षंधार-को घाटामा आई वसीरहेछ. काभेल्को वकील् पनी रण-जित्सींसग वसीरहेछ. रणजित्सींले अघी तिमीलाई २५ हजार फौज दिउला भनी अंरेजलाई भन्याको रहेछ र वेंठ साहेव आफ्नो पल्टं ली पेसवरको वाटो गयाको टांकवंद पुग्याको थियो. उस्तै वीचमा केहि कुरामा तलमाथि पर्दा १५ हजार दिउला भन्यो. १५ हजारमा १० हजार. १० हजारमा ५ हजार दिउला भनेछ सो पनि नदिदा टांकवंद पुग्याको वेठ् साहेब फीरी आई अटक्का कीनारामा छाउनी हाली वसीरहेछ. केहि गरी अंरेज् कावेल्बाट घर्क्यो भन्या उसै वषत् येस्को काम् देषौला भनी मैनाको हजार रुपैंआ दि मातवरसींलाई दिनानगरमा लुकाईराषेछ भनी अर्जुन थापाले र भलाआदमीहरूले भंथ्या. रणजित्सींको सर्दार लोग पल्टं सव पेसवरमा ज्मा छ. लाहुर रणजित्सींका साथमा रह्याको र आफ्नु कंपु १ राजा ध्यानसीं १ भैया-राम १ मुनसी अजुदिन १ संतराम १ तहवील् वेलीराम १ रामकृष्ण येति रह्याका छं. षड्गसीं कास्मेरमा राजा सुचेत्सीं जम्बुमा छ. नौनीहालसीं सव फौज ज्मा गरी पेस-वर वस्याको छ. रणजित्सींका अम्वल्भर जगा जगामा अंरेजले डाक राष्याको छ. सीषका साथ लाहुर्मा अंरेजको वकील् पनि वस्याको रहेछ र हामीलाई देषता गोर्षाका लाहुर सर्कारमा भाइनाको क्या काम् छ तिनहरूलाई बाहा-मा पक्राइदिउला भनी अंरेजका वकील्ले अर्जुन थापासँग भनेछ. अर्जुन थापाले भनेछ की केही माल षरीद र हिंड केसर षरीद गर्न पाहाडी आयाका हुन् दुत गोर्षाका होइनन्.

भनी जवाफ गर्‍यां भनी सो कुरा हामीलाई सुनाया तिमी-हरू देसको वाटो नजानु पाहाडको वाटो जाउ भन्यो र दिनानगरको रस्ता आउदा दिनानगरमा मातवर्सिसग भेट भयो र मेरा कुरा पनी केही गर्थ्यां की भनी सोध्या र येती येनी कुरा भयाथ्या भनी रणजित्सींले सोध्याका कुरा र मैले भन्याका कुरा सोही विस्तार गरीदियां र वढिञै भन्या छौ भनी भन्या. डवल क्या छ भदा येक वषत् पेसवरतर्फ गं तब भेट् मुलाकात् गर्‍यौला भनी माथवर्सि भंथ्या. दिना-नगरै वस्याको छ. दिनानगरको रस्ता कागडा पुगी उता-बाट फेरी ज्वाला करी ज्वालाबाट उत्तर गं रावलेश्वरको रस्ता गरी चोरघाट पैल्याइ मसकका तारमा तरी बेलास-पुर करी सुगाठोर निस्कि अंरेजको इङ्लिस्या हौ भनी जमुनाको घाट तरी गुरुद्वार निस्की गढकुमाउ आइपुग्यूं. अलमोडा लालकिल्लामा १५ सै भारी षजाना जंगी काम-को ल्याई हुल्यो. देस देसवाट रसद झिकाई अल्मोडामा जगेरा वरोवर वांदैछ. अंरेजले येस्तर्फको तागीती गर्न लागीरहेछ. पल्टं र साविकै छ. येस्ता त्रहसित पाहाडं पाहाडको रस्ता गरी डोटी उत्रन आञ्यूं रणजित्सीं फगत् दानपुन्न्येका धर्मले र··· २···का समरणाले रणजित्सीं कह-लायाको छ अर्को केही छैन ··· २···का थान अनुष्ठान पुर-श्चरण र दानदछिना विरामको सवव् भयापछि मात्रै ८ लाष गरीसक्यो अरु गर्दैछ. यसैका पुन्न्ये प्रतापले यसको आयु पनि बढिरहेछ. आटयाको काज पनि सव फत्य हुंछ भनी लाहुरका सव भलाआदमीहरू भंथ्या भनी कह्या इति सम्वत् १८७१ साल मिति माघ ११ रोज ४ — — — — —

—०—

नं. २७०

अर्जि — — — — — — — — — — — — — — — — —

उप्रान्त वरेलिमा दंगा भयो भन्या षवर आयाको विजि-निस अघि चह्राई पठायाको हो कति अर्थले यो कुरा वढ्याको रहेछ भनि निस्तुक बुझन हलकारा पठायाथ्यु उसले ल्यायाको षवर वरेलिमा टिककस नञा रकम लाउदा साहु महाजनको र तहसिलदार सिपाहिको दंगा भयेछ षप्रासिले हात चलाउंदा दंगा बढन जादा तरवार चलेछ, बेपारि सहरका रयति पठान जमा भयाछं रामपुरको पनि कोहि रोहिल्ला गयाछन् पहेलिभित जाहनावादको पनि पठान जमा भयेछ फेरंगिले पनि रामपुर [illegible] मेरट मोरदावादबाट पलटं झिकायेछ, सहरवाहिर पुर्वतरफ पठान पनि जमा भयाका रह्याछन् फेरंगिले तोप वंदुक चलायेछ पठानले तरवार गर्‍याछन् ढाई तिन सय पठान पर्‍याछन् तिलंगा पर्‍याको षुलि कुरा गर्न कोहि सक्तो रहेनछ अभि-न्तर सोद्धा सये छविस तिलंगा पनि पर्‍या भन्थ्या, जो जो मुष्य पठान थीया कोहि भरतपुर कोहि लषनौ कोहि राम-पुर भागि गया उनको धनमाल जफत भयो. उस हुलमा पस्याका थिञौ भनि २।३ सय पठानलाई पक्री झेलखाना हाल्यो. सोहरा षवर भन्या यो षेलमा रामपुर्‍या पनि सामेल छ भनि कोहि रोजमा रामपुरको उपर चढाई हुंछ भन्या वोलि थियो. मथुरामा पनि येहि टिककसवाफत दंगा भयो हालै भन्या टिककस जारि भयेन भन्या षवर ल्यायो सुरत गुरु सुबेदारलाई चैतमा जा भनि छोडीदियेछ उसले पनि टिकस लषनौपश्चिमको सबै सहरमा ल्यायो मथुरा दर्सन गर्न हाम्रासगको ब्राह्मण १ जना र १ संन्यासिनि गयाथ्या हामि दिल्लिदेषि वरेलि आईपुग्दा भेटाउन आया मथुरामा पनि टिकसवाफत सहरवासिसित दंगा भयेछ तस्तै मा मिरषाको सवार आईपुग्दा रयतिको मद्दत उनले गर्दा हात चलाकि भयेछ २ पल्टंको छाउनि वाहा थियो केहि तिलंगा काटिया केहि भागि वरेलितरफ आयो वाहाको छाउनी सव फुकियो भन्या षवर ल्यायाथ्या भनि कह्यो दिल्लिमा वातसाहिको र फेरंगिको रुपैञा पैसाको २ चलन चल्याको रहेछ कहिले वादसाहिको कहिले फेरंगिको चलन-मा वहा लागन्या षडवडै देषियो. जैनगर गैरहका राजा लषनौवाला नवाप मीरषाको रणजित्सींको वकिल दिल्लि वादसाहछेउ आई सवैले १ मतो राषनु भनि धर्म करार भयो भन्या षवर ल्यायो उपर षवर पछि जो मिलला विंति गरि पठाउला संवत् १८७३ साल जेष्ट सुदि रोज मुकाम डडेलधुरा शुभम् — — — — — — — — — — — — —

इत वंसाहको सलाम् सलाम् सलाम् — — — — — —

—०—

नं. ३८४

अर्जि — — — — — — — — — — — — — — — — —

उप्रान्त वरेलि रामपुर षवर बुझनु करमषां ईमाम वकस २ मुसलमानलाई पठायाथ्यां असारका दिन २ जादा आई-पुग्यो ईनले पायाको षवर वरेलिमा रोहिल्ला पठानसग तरवार पर्‍याको अघि विन्ति गरि पठाञाथ्यां निश्चय रहेछ

अघिवाटो फिलंगिको छोरा रोहिल्लाले काटिदिदा तोपको सलक लायछ ४।५ सय रोहिल्ला पठान परेछ फिलंगिको पनि सय असि परेछ भलामानिस यो हंगमा गर्‍यां एक पठान एक वानिआ भागि लषनौ गयछ। पठानको छोरा पक्रि ऊेलखाना हालेछ. अरु वरेलि रामपुर पहेलिभितका १।२ भलामानिस भागि लषनौ जादैछ वजार भन्या वंद छ. वजार ठिक भनि फिलंगि भन्छ वजार ठिक्याको छैन फिलंगिको वजार मात्रै छ. पहेलिभितमा २ साहेप सय छविस मानिस लि आयाको छ एक दुई माहाजन भलामानिसको घरको आलमालले षुस गरे. रामपुरको नवाफलाई मदत र षजाना माग्दा दियनछ. तिमीहरू यो काम नगर क्या षजानाले गर्छौंऊ भनि नवाफले भन्दा पनि नमानि आपै आपै मत गरि गर्‍याछन्. यो सवै भयाको अघ्यालो रकम लाउदा यो हंगमा भयाको रहैछ विज भन्या त्यो बुढि स्वानिलाई थिचि रगत काढदा ऊ कराऊन आउंदा भयाको रहेछ त्यो बुढि स्वास्नी मर्‍याको रहेनछ मथुराको फिलंगिको छाऊनि मिरषाको लस्कर ५।७ हज्जार पठान रोहिल्ला भै पोलिदियछ. रोहिल्ला पठान जिमिदार भन्या साह्रो जरजराईरहेछ मालिक पायाको छैन मेरट्ठामा गोराको पल्टन् २ कालाको पल्टन् १ रजवन १ हज्जार छ मथुरामा काला २ पल्टन् रजवान १ हज्जार छ डिल्लिमा १ पल्टन् १ हज्जार रजवन छ. वरेलिमा त्यो हंगमा हुंदा २ पल्टन् थियो आजकाल ६ पल्टन् २ हज्जार रजबन छ साहेव सव वाटुलो भैरहेछ इनहरूले भन्छन् फेरि हंगमा होला भन्छन्. दषिनि मिरषां रणजितसिं भरतपुर जयेपुर जोनपुर तिलकपुर ईनि सवको धरमपत्र वन्दवस्त भयो डिल्लिमा कागतपत्र आयो वाछाईछेउ भनि एक भलामानिसले भन्यो भन्छन्. भरतपुरका राजाले रणजितसिलाई सतरुद्रा तर्‍यापछिको ज्या षर्च षजाना लागला म पुर्‍याउला त लस्कर लि आइजा मात्रै भनिपठायो भनि १।२ भलामानिस वोल्छन् भनि ई भन्छन् अषतरनुनिले लुदियानादेखि कलकत्ता गौरनलछेउ लेखिपठायछ लडाई मैले मार्‍यां घा अर्कादेषि गर्नु गोर्षासग घा लडाई ज्या होला मेरा हातदेषि होर्‍या हो भनि दुष मानि पठाउदा ताहाँको काजलाई ठिक्याको हो ताहांको वोल्या जस्तो उसले गर्नु नसक्दा ठुलो गारन्लाई ठिकि ताहांको काजमा लायाको हो चौमासाभर लडाईमा कुप छ चौमासा गयापछि लडाई होला, गोर्षासग पनि भनि १।२ मानिस् वोल्थ्या भनि ईनिहरू भन्छन्. हिऊदोमा पश्चिमको लस्कर ताहांलाई आयाको एता अऊ फिर्‍याको छैन. गारण भन्या वैशाषमा वरेलिदेषि हिडयाको हो यता पुठो कहि अट्क्याको छैन हामि त ताहां आईपुग्यो हो भंथिऊ अव आईपुग्योहो नआई पुग्याको भया तेतै लषनौदेषि पूर्व कता छ यो जगा भन्या देस् देस्को षवर सुनिन्या जगा रहेनछ. आफुले पठायाको मानिसले ल्याया मात्रै अन्तदेषि आऊला आऊन्याजान्याले ल्याऊला भन्या जगा रहेनछ सव जगामा काजविसेषको मसान्त षर्च रह्याको छ. जाहां भारादार अघि रह्याको पनि थियन अव भारादार रहनुपर्‍यो त थोरावहुत मसान्त षर्च राषिवक्स्या भारादार रह्या जस्तो होला. जाहां म आयादेषि नेगि जोगि तिर्थवासि फागु देस देसमा मानिस पठाऊदा षवर ल्याउन्यालाई ''' '''का पुजा गर्दा ६।७ सय षर्च भयो मसान्त थोरावहुत रह्या. जो जाहाँ वस्ला षामिदको वन्दा काममा लाई काज गरियला वांकि षामिदका काजदेषि थोरावहुत ढाक्र्या थाम्याथ्यां ईनलाई पेटिया र लत्ताकपरा दिदा १७।१८ सय रुपिया दियां यो षामिदवाट वक्सनुभयाको हो अरू ढाक्र्या रह्याकै छन्. ताहां काजको सुर क्या छ वढिया छ भन्या ईनलाइ थोरावहुत दि विदा दिनुपाया वढिया हुदोहो. पुगिआउछ भन्या वालि षर्चको तनुषा कही आमदानी भया होइआऊस्. वालि षर्च पुगि आयन भनि मर्जि आया सल्यानको हातिषेदाको पक्र्याको हातिमा १।२ हातिको तनुषा भै आया लोलोपोतो गरि घर इनिलाई पठाउन्या काम गरिदो हो मर्जि इतिसंवत् १८७३ साल मिति आषाड वदि ४ रोज ६ मुकाम डुल्लु शुभम् ——

इत सेवक वन्दा जसपाउ थापाको वंदगी सलाम् सलाम सलाम – – —— – – – – – – –